# वैकल्पिक लगानी कोष नियमावली, २०७५ को मस्यौदा सम्बन्धी सूचना

नेपाल सरकारको आ.व. २०७५।७६ प्रस्तावित बजेट कार्यक्रममा प्राइभेट इक्यूटी, भेञ्चर क्यापिटल र हेज फण्ड लगायतका नयाँ संस्थाहरुलाई पूँजी बजारमा प्रवेश गराइनेछ भन्ने कार्यक्रम रहनुका साथै बोर्डको आ.व. २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रममा समेत स्वदेशी तथा गैर आवासीय नेपाली लगायत वैदेशिक पूँजी समेत परिचालन हुन सक्ने गरी वैकल्पिक लगानी कोष नियमावली बनाई लागू गर्ने कार्यक्रम कार्यान्वयनको क्रममा बोर्डबाट वैकल्पिक लगानी कोष सम्बन्धी नियमावली, २०७५ को मस्यौदा तयार गरि यसै सूचनामा संलग्न गरिएको छ। सो नियमावलीको मस्यौदा सम्बन्धमा पूँजी बजार सम्बद्ध सम्पूर्ण सरोकारवाला तथा यससँग सम्बन्धित विज्ञहरुको केहि सुझाब भएमा बोर्ड को नियमन तथा व्यवस्थापन विभागमा वा बोर्डको इमेल support@sebon.gov.मा सात कार्यदिन भित्रमा पठाउनु हुन अनुरोध गरिन्छ।

# वैकल्पिक लगानी कोष नियमावली, २०७५
## (मस्यौदा)

**नेपाल धितोपत्र बोर्ड**
जावलाखेल, ललितपुर ।

# वैकल्पिक लगानी कोष नियमावली, २०७५

## (मस्यौदा)

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी नेपाल धितोपत्र बोर्डले देहायका नियमहरु बनाएको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "वैकल्पिक लगानी कोष नियमावली, २०७५" रहेको छ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "दर्ता प्रमाणपत्र" भन्नाले कोष व्यवस्थापक वा वैकल्पिक लगानी कोषको रुपमा कार्य गर्न यस नियमावली बमोजिम बोर्डबाट प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "इकाई" भन्नाले कोषअन्तर्गत निष्काशन गरिने धितोपत्रको इकाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ ।

(घ) "बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी ऐनको दफा ३ बमोजिम गठन भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ङ) "कर्जा सूचना केन्द्र" भन्नाले प्रचलित कानून बमोजिम स्थापित कर्जा सूचना केन्द्र सम्झनु पर्छ।

(च) "विधान"भन्नाले कोष स्थापना र संचालन सम्बन्धमा गरिएको व्यवस्थाको दस्तावेजलाई सम्झनुपर्छ ।

(छ) "कोष" भन्नाले पूर्वाधार सम्बन्धी आयोजना, साना तथा मझ्यौला उद्योग तथा यस नियमावलीले तोकेका अन्य क्षेत्रमा शेयर पूँजी लगायतका धितोपत्रमा लगानी गर्ने उद्देश्यले यस नियमावली बमोजिम स्थापना तथा संचालन भएको बैकल्पिक लगानी कोष सम्झनु पर्छ ।

तर सो शब्दले पारिवारीक गुठी, कर्मचारी कल्याणकोष, उपदान कोष, निवृत्तिभरण कोष, सामूहिक लगानी कोष वा अन्य कुनै नियामक निकायको प्रत्यक्ष नियमनमा रहेको कोषलाई जनाउने छैन ।

(ज) "पूँजी आव्हान" भन्नाले कोष व्यवस्थापकद्धारा कोष वा योजनाका लगानीकर्ताहरुले खरिदका लागि प्रतिवद्धता जनाएको रकम सबै वा केही अंश भुक्तानीका लागि गरिने आव्हान भन्ने सम्झनु पर्छ ।

(झ) "प्रतिवद्धता रकम" भन्नाले कोषले आव्हान गरिएको समयमा लगानीकर्ताबाट कोष वा योजनामा लगानी गर्न प्राप्त प्रतिवद्धताको कुल रकम सम्झनु पर्छ ।

(ञ) "सम्बद्ध व्यक्ति" भन्नाले कुनै प्राकृतिक व्यक्ति वा निजका पति, पत्नी वा त्यस्ता व्यक्तिसँग आश्रित व्यक्ति, उक्त व्यक्ति साझेदार रहेको कुनै व्यवसायको साझेदार, उक्त व्यक्ति प्रमुख

हिस्सेदार वा निजको नियन्त्रणमा रहेको कुनै संस्थासँग सम्बन्ध रहेको र कानुनी व्यक्तिसँग सम्बन्ध भएको व्यवसाय, कम्पनी वा सहायक कम्पनी वा आवद्धत रहेको संगठित व्यवसायिक संस्था भन्ने सम्झनु पर्छ ।

(ट) "स्व:लगानी शेयर सम्बन्धी उपकरणहरु" भन्नाले पूर्णरुपमा वा आंशिक रुपमा परिवर्त्य वा विमोच्य अग्राधिकर शेयर (प्रिफरेन्स शेयर) अथवा परिवर्त्य प्रकृतिका धितोपत्र (सुरक्षणहरु) सम्झनु पर्छ ।

(ठ) "हर्डल रेट" भन्नाले विधानमा उल्लेख भए बमोजिम कोषमा गरिने लगानीमा प्राप्त हुने प्रतिफलको वार्षिक दर भनी सम्झनु पर्छ ।

(ड) "कोष व्यवस्थापक"भन्नाले वैकल्पिक लगानी कोष व्यवस्थापन गर्ने उद्धेश्य भएका नियम बमोजिम अनुमतिपत्र प्राप्त संस्था वा कम्पनीलाई सम्झनु पर्छ ।

(ढ) "दर"भन्नाले कोषबाट लगानी भई प्राप्त वार्षिक प्रतिफल सहित कायम भएको दर भन्ने सम्झनु पर्छ ।

(ण) "लगानी योग्य रकम" भन्नाले प्रशासनिक र व्यवस्थपन खर्च घटाएर वचत भएको रकम सम्झनु पर्छ ।

(त) "लगानी सम्झौता" भन्नाले वैकल्पिक लगानी कोषको व्यवस्थापनको विस्तृत प्रक्रिया खुलाउदै कोष व्यवस्थापक र लगानीकर्ता बीच भएको सम्झौता सम्झनु पर्छ । यो सम्झौताले खरिद सम्झौता (सब्सक्रिप्सन एग्रिमेन्ट), लगानी व्यवस्थापन सम्झौता तथा अन्य सम्बन्धित, कोषको गठन बारेको प्रमुख कागजात अथवा सम्झौता समेतलाई सम्झनु पर्छ ।

(थ) "योग्य लगानीकर्ता/लगानीकर्ता" भन्नाले नियम १३ बमोजिमका लगानीकर्ता सम्झनु पर्छ ।

(द) "लगानी समिति" भन्नाले लगानी नीति अनुसार कोषको रकम लगानी गर्न विधानमा व्यवस्था भए बमोजिम गठन भएको समिति भन्ने सम्झनु पर्छ ।

(ध) "दर्ता किताब" भन्नाले कोषको ईकाइहरु वा ईकाइधनीहरुको विस्तृत विवरण सहितको अभिलेख रहेको दर्ता किताब सम्झनु पर्छ ।

(न) "विशेष प्रस्ताव" भन्नाले लगानीकर्ताको आधारमा कम्तिमा ७५ प्रतिशत ईकाइधनीहरुको बैठकमा ७५ प्रतिशतले पारित गरेको प्रस्ताव सम्झनु पर्छ ।

(प) "ईकाइ" भन्नाले वैकल्पिक लगानी कोष वा योजनामा रहेका लगानीकर्ताहरुको स्वामित्व सम्झनु पर्छ ।

(फ) "ईकाइधनी" भन्नाले कोषको एक वा एक भन्दा बढी ईकाइमा स्वामित्व भएका र दर्ता किताबमा उल्लेख भएको योग्य लगानीकर्ताहरु सम्झनु पर्छ ।

(ब) "भेन्चर क्यापिटल फण्ड" भन्नाले त्यस्तो बैकल्पिक लगानी जसले सर्वप्रथम सूचीकरण नभएका धितोपत्र वा स्व:लगानी शेयर सम्बन्धी उपकरणहरु जसको शुरुवात देखि नै वा न्यूनतम दुई वर्षभन्दा कम समयदेखि संचालनमा रहेको विकास तथा प्रगति हुने सम्भावयता भएका नयाँ उत्पादन, सेवा, प्रविधि तथा नयाँ व्यवसाहिक विचार/अवधारणा वा विशेष साहसिक योजनामा आधारित व्यवसायमा लगानी गर्ने कोष सम्झनु पर्छ ।

## परिच्छेद - २

## कोष व्यवस्थापकको अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. **कोष व्यवस्थापकको अनुमतिपत्र लिनु पर्ने :** (१) बैकल्पिक लगानी कोषको स्थापना तथा संचालन गर्न चाहने संगठित संस्थाले बोर्डबाट कोष व्यवस्थापकको अनुमतिपत्र लिनुपर्नेछ ।

तर यो नियमावली लागू हुनुभन्दा पहिले नै नेपाल सरकारको स्वीकृति लिई वा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई संचालनमा रहेको कोष व्यवस्थापकको हकमा यो नियमावली लागू भएको छ महिनाभित्र कोष व्यवस्थापकको अनुमतिपत्र लिन यस नियमावलीमा तोकिएको योग्यता सहित निवेदन दिई सक्नु पर्नेछ । उक्त अवधी समाप्ति पछि सो अनुमतिपत्र नलिई कोष व्यवस्थापकको रुपमा कार्य गर्न पाइने छैन।

(२) कोष व्यवस्थापकको अनुमतिपत्र लिन चाहने संगठित संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा अनुसूची २ बमोजिमको शुल्क सहित बोर्डमा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदन साथ अनुसूची ९ बमोजिमको कागजात तथा विवरण संलग्न गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर पैंतीस दिन भित्र आवश्यक जाँचवुझ गरी अनुमतिपत्र प्रदान गर्न उपयुक्त देखिएमा बोर्डले अनुसूची ४ बमोजिमको ढाँचामा सम्बन्धित निवेदकलाई कोष व्यवस्थापकको दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

४. **कोष व्यवस्थापकको योग्यता :** (१) कोष व्यवस्थापकको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-

(क) प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था,

(ख) प्रबन्धपत्र तथा नियमावलीमा कोष व्यवस्थापकको कार्य गर्ने उद्देश्य रहेको,

(ग) चुक्ता पूँजी कम्तीमा दुई करोड रुपैयाँ भएको,

(घ) खुद सम्पत्ति मूल्य नकारात्मक नभएको,

(ङ) संगठित संस्था तथा सोका संचालक वा कार्यकारी प्रमुखले कुनै प्रकारको ठगी वा जालसाजी अपराधमा सजाय नपाएको,

(छ) संगठित संस्थाका संचालक वा कार्यकारी प्रमुखले नैतिक पतन देखिने फौज्दारी कसूरमा सजाय नपाएको,

(ज) धितोपत्रको सार्वजनिक निष्काशन गरी सर्वसाधारणबाट पूँजी आव्हान गरी पूँजी सङ्कलन गरेका संगठित संस्थाहरु मध्ये धितोपत्रको कारोवारका लागि आवश्यक व्यवस्था नगरेका, बोर्डको सम्पर्कमा नआएका संगठित संस्था (भ्यानिसिङ्ग कम्पनी), सूचीकरण खारेजीको कारवाहीमा परेका वा बोर्डलाई संगठित संस्थाको संचालन सम्बन्धमा प्रचलित कानून बमोजिम दिनुपर्ने सूचना, जानकारी वा विवरण नदिई बसेका भनी बोर्डले सूचीकृत गरेका संगठित संस्था वा त्यस्तो संगठित संस्थाको कार्यकारी प्रमुख वा संचालकको संलग्नता नरहेको,

(झ) संचालक वा कार्यकारी प्रमुख, कर्जा सूचना केन्द्रको कालोसूची नरहेको तथा कुनै नियामक निकायको कानून उल्लङ्घनमा कारवाही नपरेको वा कारबाहीमा परेको भए दुईवर्ष पुरा भएको हुनु पर्ने,

(२) कोष व्यवस्थापकको संचालक तथा कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) कार्यकारी प्रमुख तथा स्वतन्त्र संचालकको हकमा अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट वा सो सरहको उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा पाँच वर्ष कार्य अनुभव भएको,

(ख) अन्य संचालकको हकमा अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट वा सो सरहको उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(ग) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार नठहरीएको,

(घ) आफू वा आफू संचालक रहेको कम्पनी वा संगठित संस्था साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा भइसकेको,

(ङ) धितोपत्र निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी धितोपत्र कारोबारका लागि आवश्यक व्यवस्था नगरेका वा धितोपत्र सम्बन्धी ऐन, नियम तथा विनियममा व्यवस्था भए बमोजिमको कानुन पालना नगरका कारण सूचीकरण खारेजीको कारवाहीमा परेका संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुखको रुपमा नरहेको,

(च) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको कम्पनी वा संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको भए त्यसरी खारेज भएको दश वर्ष पुरा भइसकेको,

(छ) बोर्ड, धितोपत्र बजार वा अन्य धितोपत्र व्यवसायी को कुनै लाभको पदमा नरहेको,

(३) कोष व्यवस्थापकको संचालक समितीमा कम्तीमा एक जना स्वतन्त्र संचालक भएको हुनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको स्वतन्त्र संचालकको योग्यता देहाय बमोजिमको हुनेछः-

(क) उपनियम (२) बमोजिमको योग्यता पुरा भएको,

(ख) कोष व्यवस्थापक कम्पनीमा प्रत्यक्ष वा अप्रत्यक्ष स्वामित्व नरहेको ।

५. **अनुमतिपत्रको नवीकरण सम्बन्धी व्यवस्था :** (१) कोष व्यवस्थापकले अनुमतिपत्र नविकरण गराउनको लागि अनुसूची-३ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन अनुसार अनुमतिपत्र नविकरण गर्नु अघि बोर्डले निवेदकबाट अनुसूची-२ बमोजिमको बार्षिक शुल्क लिनुपर्नेछ ।

६. **कोष व्यवस्थापकको काम, कर्तव्य र अधिकार** : (१) कोष व्यवस्थापकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) कोष व्यवस्थापकले आफू वा आफूसँग सम्बद्ध व्यक्तिहरुले कुनै अनुचित लाभ नपाउने गरी सूचना, परिपत्र, निर्देशिका तथा निर्देशन लगायतका प्रचलित कानून अन्तर्गत रहेर

ईकाईधनीहरुको हितमा काम गर्ने,

(ख) कोषसँग सम्बन्धी सबै कारोबार स्वतन्त्र तरिकाले गर्ने,

(ग) कुनै लगानी गर्दा कोष व्यवस्थापक, संचालक, कार्यकारी प्रमुख, कर्मचारी र लगानी समितिका सदस्यहरुको लगानी गरिने संस्थामा कुनै किसिमको वित्तिय स्वार्थ नरहेको सुनिश्चित गर्नुपर्ने,

तर यदी कुनै किसिमको वित्तिय स्वार्थ भएमा सो को सम्पूर्ण जानकारी सहित ईकाइधनीहरुको बार्षिक सभामा विशेष प्रस्तावद्वारा लगानी गर्ने प्रस्ताव पारित गरेको हुनु पर्नेछ । सो लगानी गर्ने निर्णय भएको सात दिनभित्र बोर्डलाई जानकारी दिई सक्नु पर्नेछ।

(घ) इकाइधनीको ग्राहक परिचय विवरण तथा अन्य आवश्यक कागजातको सुनिश्चित गर्ने,

(ङ) इकाइधनीलाई लगानीमा सम्भावित जोखिम र प्रतिफलबारे जानकारी दिने,

(च) लगानी तथा कोष व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र सोको पूर्ण कार्यान्वयन गर्ने गराउने,

(छ) आफ्ना संचालक तथा कर्मचारीहरुको लागि आचार संहिता बनाई लागू गर्ने,

(ज) इकाइधनीहरुको हितमा लगानी भएको सुनिश्चित गर्ने,

(झ) लगानीसंग सम्बन्धित लेखा, प्रतिवेदन, कागजात तथा विवरणको अभिलेख राख्ने,

(ञ) योग्य लगानीकर्तासंग पूँजी आव्हान गर्दा कम्तीमा पनि दुई हप्ता अगावै लिखित रुपमा जानकारी गराई लगानीकर्तालाई रकम तिर्न उचित समयको व्यवस्था गर्नु पर्ने ।

(ट) कोष व्यवस्थापक तथा कोषको आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र प्रचलित लेखामान अनुसार कोषको वित्तीय विवरण तयार गर्नु पर्नेछ

(ठ) प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र ईकाइधनीहरुको बार्षिक सभा सम्पन्न गर्नु पर्नेछ ।

## परिच्छेद ३
## <u>कोष दर्ता तथा संचालन</u>

७. **<u>कोषको दर्ता :</u>** (१) बैकल्पिक कोष संचालन गर्न चाहने कोष व्यवस्थापकले कोष स्थापना तथा संचालनका लागि त्यस्तो कोष बोर्डमा दर्ता गर्नु पर्नेछ ।

तर यो नियमावली लागू हुनुभन्दा पहिले नै कुनै कोष नेपाल सरकारको स्वीकृति लिई वा प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेको र यस नियमावलीको बैकल्पिक लगानी कोषको परिभाषा अन्तर्गत पर्ने कोषको हकमा यो नियमावली लागू भएको छ महिनाभित्र कोष संचालन गर्ने स्वीकृतिका लागि तोकिएको योग्यता सहित निवेदन दिई सक्नु पर्नेछ । सो संचालन गर्ने स्वीकृतिका लागि निवेदन नपरेमा सो कोषको अवधी समाप्त नभएसम्म संचालन गर्न सक्नेछ तर थप नयाँ पूँजी आव्हान लगानीकर्तासंग गरी कोष संचालन गर्न सक्ने छैन।

(२) उपनियम (१) बमोजिम कोष दर्ता लागि कोष व्यवस्थापकले अनुसूची-५ बमोजिमको ढाँचामा अनुसूची-७ बमोजिमको दस्तुर सहित बोर्डमा निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदन साथ अनुसूची ९ बमोजिमको विवरण तथा कागजात

संलग्न गर्नुपर्नेछ ।

(४) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी कोष दर्ता गर्न उपयुक्त देखिएमा बोर्डले अनुसूची ८ बमोजिमको ढाँचामा सम्बन्धित निवेदकलाई कोष दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

८. **कोष दर्ताको न्यूनतम मापदण्ड :** कोष दर्ताका लागि देहाय बमोजिमको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछ :–

(क) कोषको रकम कम्तीमा पन्ध्र करोड रुपैयाँ भएको,

(ख) कोष व्यवस्थापकले कोषमा न्यूनतम दुई प्रतिशत वा रु दुई करोड जुन बढी हुन्छ सो हिस्सा लिएको र सो न्यूनतम हिस्सा निरन्तर कायम राख्ने व्यवस्था भएको,

तर यो नियमावली लागू हुनुभन्दा पहिले नै कुनै कोष नेपाल सरकारको स्वीकृति लिई वा प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेका कोषको हकमा सो कोषको अवधी समाप्ति नभएसम्मका लागि न्यूनतम एक प्रतिशतर सो न्यूनतम हिस्सा निरन्तर कायम राख्ने व्यवस्था भएको हुनु पर्ने ।

(ग) इकाइधनीको संख्या अधिकतम दुई सयसम्म हुने व्यवस्था भएको,

(घ) कोष बन्दमुखि प्रकृतिको भएको,

(ङ) इकाइधनीहरुलाई प्रतिफल स्वरुप नगद लाभांश मात्र दिने व्यवस्था भएको,

(च) इकाइधनीले कम्तीमा पच्चीस लाख रुपैयाँको इकाई खरिद गर्ने व्यवस्था भएको,

९. **इकाइको निष्काशन :** (१) नियम ७ बमोजिम दर्ता भएको कोषले रकम संकलनका लागि लक्षित लगानीकर्ता पहिचान गरी इकाईको निष्काशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको इकाई निष्काशनका लागि बोर्डको स्वीकृति लिनु पर्नेछ । सो प्रयोजनको लागि अनुसूची-५ बमोजिमको ढाँचामा अनुसूची-१० बमोजिमका कागजात तथा विवरण संलग्न गरी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) कोषले बोर्डबाट इकाई निष्काशनको स्वीकृति पाएको मितिले दुई महिनाभित्र इकाई निष्काशन गर्नु पर्नेछ ।

१०. **दायित्व तथा अधिकार :** (१) कोषले निष्काशन गरेको इकाई खरिद गर्ने इकाईधनीको दायित्व निजले खरिद गरेको इकाई सम्म मात्र सीमित हुनेछ ।

(२) इकाइधनीले कोषमा लगानी गरेको इकाइको अनुपातको आधारमा इकाइधनीको सभामा मतदान गर्ने, लगानीबाट आर्जित नाफा तथा लगानी फिर्ता पाउने अधिकार हुनेछ ।

११. **कोषको समाप्ति :** (१) देहायको अवस्थामा कोषको समाप्ति हुनेछ :

(क) बोर्डले कोष संचालनका लागि दिएको समयावधि समाप्त भएमा,

(ख) बोर्डले कोष संचालन गर्न दिएको स्वीकृति रद्द गरेमा,

(ग) कुनै असामान्य परिस्थिति वा आर्थिक संकट उत्पन्न भई कोष संचालन गर्न नसकिने कुरामा बोर्ड विश्वस्त भई कोष समाप्त गर्न निर्देशन दिएमा,

(२) कोष व्यवस्थापकले अवधि समाप्त हुनु भन्दा कम्तीमा तीन महिना अगावै ईकाइधनीलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(३) कोषको कम्तीमा पचहत्तर प्रतिशत रकम र पचास प्रतिशत ईकाइधनीको प्रतिनिधत्व भएको इकाईधनीहरुको वार्षिक सभाबाट विशेष प्रस्तावद्वारा कोष समाप्ति गर्ने प्रस्ताव पारित गरेमा कोष व्यवस्थापकले कोषको समाप्ति गर्न सक्नेछ ।

(४) कोषको समाप्ति पछि कोष व्यवस्थापकले कोषको सबै प्रकारको सम्पत्तिलाई नगदमा परिणत गरी कोषको दायित्व फरफारक गरी बाँकी रकम इकाइधनीलाई फिर्ता गर्नुपर्ने व्यवस्था लगानी सम्झौतामा उल्लेख भए बमोजिम गर्नु पर्नेछ। सो कोषको दायित्व फरफारक गरी इकाइधनीलाई रकम फिर्ता गरेको जानकारी सो कार्य भएको मितिले तीन दिनभित्र बोर्डलाई दिई सक्नु पर्नेछ।

१२. **शुल्क सम्बन्धी व्यवस्था :** (१) कोष व्यवस्थापकले कोषको व्यवस्थापनको लागि त्यस्तो कोषको खुद सम्पत्ति मूल्य को बढीमा दुई प्रतिशतसम्म वार्षिक रुपमा कोष व्यवस्थापन शुल्क लिन सक्नेछ ।

(२) कोष व्यवस्थापकले विधानमा उल्लेख भए बमोजिमको हर्डल रेट सीमा भन्दा बढी नाफा आर्जन गर्न सफल भएमा कोष व्यवस्थापकले त्यस्तो कोषको वार्षिक खुद नाफाको बीस प्रतिशत रकम उपनियम (१) अतिरिक्त लिन सक्नेछ।

(३) उपनियम (१) बमोजिमको शुल्क आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र लिनु पर्नेछ ।

(४) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्षमा आफूले प्राप्त गरेको सेवा शुल्कको तीन प्रतिशतले हुने रकम त्यस्तो शुल्क लिएको दुई महिनाभित्र बोर्डमा बुझाउनु पर्नेछ । तर समयमा शुल्क नबुझाएमा सो शुल्कमा बार्षिक रुपमा दश प्रतिशतले हुने रकम दैनिक रुपमा गणना गरी थप रकम समेत बुझाउनु पर्नेछ ।

## परिच्छेद– ५
## लगानी सम्बन्धी व्यवस्था

१३. **योग्य लगानीकर्ता/लगानीकर्ता :** लगानीको जोखिम तथा प्रतिफलको विश्लेषण गरी बैकल्पिक लगानी कोषको स्वपूँजीमा लगानी गर्न सक्ने देहाय बमोजिमका संस्था वा व्यक्तिलाई बुझ्नु पर्नेछ।

(क) मर्चेन्ट बैंकर तथा लगानी व्यवस्थापक,
(ख) सामूहिक लगानी कोष,
(ग) धितोपत्र व्यवसायी,
(घ) अन्तर्राष्ट्रिय वित्तीय संस्था,
(ङ) बैंक तथा वित्तीय संस्था
(छ) बीमा कम्पनी
(ज) बैकल्पिक लगानी कोष,
(झ) कर्मचारी संचय कोष तथा नागरिक लगानी कोष,
(ञ) प्रचलित कानून बमोजिम नेपालमा स्थापना भएका (कानूनी व्यक्ति)
(ट) नेपाली नागरिक तथा गैर आवासीय नेपाली,
(ठ) समय समयमा बोर्डले तोकिदिएका अन्य संस्थाहरु

तर प्राकृतिक व्यक्तिको हकमा वार्षिक दस लाख वा सोभन्दा बढी आम्दानी भई कर दाखिलाको निस्सा लिएको, कर्जा सूचना केन्द्रको कालोसूची नरहेका हुनु पर्ने तथा ऋण सापटी लिएर लगानी गर्न सक्ने छैन ।

१४. **सम्झौता गर्नुपर्ने :** कोष व्यवस्थापकले योग्य लगानीकर्तासंग लगानी गर्ने सम्बन्धमा लगानी सम्झौता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने कोष व्यवस्थापक तथा योग्य लगानीकर्ता बीच हुने सम्झौतामा न्यूनतम रुपमा देहायका कुराहरु खुलाउनु पर्नेछः-

(क) लगानी गरिने रकम र समयावधि,
(ख) लगानीमा प्राप्त हुने प्रक्षेपित प्रतिफल,
(ग) लगानी फिर्ता हुने प्रकृया,
(घ) विवाद समाधान प्रकृया,
(ङ) हर्डल रेटको व्यवस्था,
(च) कोष व्यवस्थापन शुल्क सम्बन्धी विवरण,
(छ) कोषको समाप्ति पछि सबै प्रकारको सम्पत्तिलाई नगदमा परिणत गरी कोषको दायित्व फरफारक गरी बाँकी रकम इकाइधनीलाई फिर्ता गर्नुपर्ने व्यवस्था ।

१५. **लगानी गर्न सकिने क्षेत्र :**(१) कोष व्यवस्थापकले कोषको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी गर्न  लगानी समितिको सिफारिस बमोजिम गर्न सक्नेछ :-

(क) उर्जा क्षेत्र,
(ख) पूर्वाधार क्षेत्र,
(ग) पर्यटन क्षेत्र,
(घ) कृषि क्षेत्र,
(ङ) घरेलु तथा साना उद्योग क्षेत्र
(च) सेवा क्षेत्र
(छ) सूचना प्रविधि क्षेत्र
(ज) बोर्डले स्वीकृति दिएका अन्य क्षेत्र ।

(२) उपनियम (१) को खण्ड (छ) बमोजिम स्वीकृत क्षेत्रमा लगानी गर्दा पालना गर्नु पर्ने शर्त समेत बोर्डले तोकिदिनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै निश्चित क्षेत्रमा मात्र लगानी गर्ने गरी बोर्डबाट स्वीकृति प्राप्त योजनाले सोही क्षेत्रमा मात्र लगानी गर्नुपर्नेछ ।

१६. **लगानीको सीमा :** (१) कोषको रकम लगानी गर्ने सीमा देहाय बमोजिम हुनेछ :-

(क) सूचीकृत नभएका धितोपत्रमा कम्तीमा पचहत्तर प्रतिशत,
(ख) सूचीकृत धितोपत्रमा बढीमा पच्चिस प्रतिशतसम्म,

तर सूचीकृत धितोपत्र लगानीबाट बडे बडाएको हकप्रद तथा वोनश शेयरलाई पच्चिस प्रतिशतमा गणना गरिने छैन ।

(ग) मौद्रिक उपकरणमा बढीमा दश प्रतिशतसम्म,

(घ) अन्य बैकल्पिक लगानी कोषमा बढीमा दश प्रतिशतसम्म,

(ङ) बोर्डले स्वीकृति दिएका अन्य धितोपत्रमा बढीमा दश प्रतिशतसम्म ।

(२) उपनियम (१) बमोजिमको लगानी सीमा लगानी सम्झौतामा उल्लेख भए बमोजिम हुनुपर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले लगानी गर्न सक्ने क्षेत्र र सीमा बोर्डले आवश्यकता अनुसार परिपत्र मार्फत हेरफेर गर्न सक्नेछ ।

१७. **विदेशमा लगानी गर्न सकिने:** (१) प्रचलित कानूनको अधिनमा रही कुल रकमको बढीमा पच्चीस प्रतिशत रकमसम्म विदेशी धितोपत्र बजारमा लगानी गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम लगानी गर्दा बोर्डले नेपाल सरकारको स्वीकृति लिई लगानीको लागि समझदारी (एमओयु) गरेको मुलुकहरुको धितोपत्र बजारमा मात्र लगानी गर्न सकिनेछ ।

(३) उपनियम (१) बमोजिम बोर्डले समय समयमा लगानीको क्षेत्र तोक्न सक्नेछ ।

परिच्छेद-६

## लेखा, अभिलेख तथा विवरण सम्बन्धी

१८. **लेखा राख्नु पर्ने** : कोष व्यवस्थापकले आफ्नो कारोबारको लेखा प्रचलित कानून बमोजिम लेखामान तोक्ने निकायले तोके बमोजिमको ढाँचा र प्रकृया बमोजिम राख्नु पर्नेछ ।

१९. **वित्तीय विवरण तयार गर्नु पर्ने :** कोष व्यवस्थापकले प्रत्येक आफ्नो र कोषको छुट्टाछुट्टै वित्तीय विवरण तयार गर्नु गराउनु पर्नेछ ।

२०. **लेखापरीक्षक तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था :** (१)चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट प्रमाणपत्र प्राप्त गरेको लेखापरीक्षक मात्र कोष व्यवस्थापक तथा कोषको लेखापरीक्षकको रुपमा नियुक्त हुन सक्नेछ ।

(२) कोष व्यवस्थापकले आफ्नो र कोषको लेखा परिक्षण छुट्टाछुट्टै लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिमको लेखापरीक्षक नियुक्त गर्नको लागि कोष व्यवस्थापकले लेखापरीक्षकको छनौट गरी बोर्डमा जानकारी गराउनु पर्नेछ ।

(४) लेखापरीक्षकले कोष व्यवस्थापक तथा कोषको लेखा परीक्षण गर्दा लेखा परीक्षण सम्बन्धी प्रचलित सिद्धान्त, कानून र मापदण्ड अनुसार गर्नु पर्नेछ ।

(५) लेखापरीक्षकले लेखा परीक्षण गरी सकेपछि कोष व्यवस्थापक तथा कोषको काम कारवाई, लेखा विवरण तथा आर्थिक अवस्था प्रतिविम्बित हुने गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको लेखा परीक्षण प्रतिवेदनमा प्रचलित कानून बमोजिम खुलाउनु पर्ने कुराहरुको अतिरिक्त देहायका कुराहरु समेत खुलाइएको हुनुपर्नेछ :–

(क) लेखा सम्बन्धी प्रचलित ऐन, नियम तथा मापदण्ड अनुसार लेखा राखे नराखेको,

(ख) कोष व्यवस्थापकको कुनै पदाधिकारी वा कर्मचारीले प्रचलित कानून विपरीत कुनै काम कारवाही वा अनियमित कार्य गरेको कारणबाट कुनै हानी नोक्सानी भए नभएको,

(ग) कोष व्यवस्थापकको आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको,

(घ) इकाइधनीको हित प्रतिकुल कुनै कार्य गरेको देखिएमा तत्सम्बन्धी विवरण,

(ङ) कोष व्यवस्थापकले विधान तथा लगानी सम्झौता बमोजिम काम गरे नगरेको विवरण बुझाउनु पर्ने,

(च) कोष अन्तर्गतको रकम यस नियमावली तथा कोषको लगानी कार्यविधि अनुरुप लगानी भए नभएको,

(छ) इकाइधनीलाई थाहा दिनु पर्ने भनी लेखापरीक्षकलाई लागेका अन्य कुरा तथा सुझाव ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष व्यवस्थापक तथा कोषको लेखा परीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरु बोर्डले तोकिदिन सक्नेछ ।

२१. **लेखापरीक्षकलाई कारबाही गर्न सक्ने :** कुनै लेखापरीक्षकले कोष व्यवस्थापक तथा कोषको लेखा परीक्षण गर्दा यस नियमावली र प्रचलित कानून विपरित लेखा परीक्षण गरेमा त्यस्तो लेखापरीक्षकको सम्बन्धमा आवश्यक कारबाही गर्नको लागि बोर्डले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था समक्ष लेखी पठाउन सक्नेछ।

२२. **निरीक्षण गर्न सक्ने**: कोष व्यवस्थापकले कोषका सम्बन्धमा राखेको हिसाव किताब तथा अभिलेख बोर्डले वा बोर्डले तोकेको व्यक्तिले जुनसुकै समयमा निरीक्षण गर्न सक्नेछ ।

२३. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः** (१) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो तथा कोषको सो आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण र सो आर्थिक वर्षमा गरेको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको बार्षिक वित्तीय विवरण इकाईधनीहरुको जानकारीको लागि संक्षिप्त वित्तीय विवरण विद्युतीय माध्यम (इमेल वा कोष व्यवस्थापकको वेबसाइट) मार्फत प्रकाशन गर्नु पर्नेछ ।

(३) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र इकाइधनीहरुको बार्षिक सभा सम्पन्न गर्नु पर्नेछ । यस्तो बार्षिक सभा सम्पन्न भएको पन्ध्रदिन भित्र देहायका विवरण तथा कागजात बोर्डमा पेश गर्नु पर्नेछ :

(क) लगानीको लागत, लगानीको विस्तृत विवरण सहितको वासलात, बार्षिक प्रतिवेदन सहितको लेखा परिक्षण भएका विवरण,

(ख) कोषद्वारा गरिएको लगानीबारे दिईएको प्रतिक्रिया सहित ईकाइधनीलाई लेखापरीक्षकले दिएको प्रतिवदेन,

(ग) कोषको कूल सम्पत्ति मूल्यमा देखिएको परिवर्तन,

(४) कोष व्यवस्थापकले आफूले संचालन गरेको कोषको त्रैमासिक प्रतिवेदन प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(५) बोर्डले कोषको काम कारवाही सम्बन्धी कुनै पनि सूचना, जानकारी वा विवरण माग गर्न वा सार्वजनिक रुपमा प्रकाशन गर्न लगाउन सक्नेछ ।

(६) कोष व्यवस्थापकले कोष व्यवस्थापन सम्बन्धमा राख्नुपर्ने अभिलेख र विवरण तथा कोष सम्बन्धी यस नियमावली बमोजिम बोर्ड समक्ष पेश गर्नु पर्ने विवरणहरुको ढाँचा बोर्डले तोकिदिन सक्नेछ।

२४. **जानकारी तथा विवरण दिनु पर्ने :** (१) कोष व्यवस्थापकले देहायका जानकारी तथा विवरण बोर्ड समक्ष पेश गर्नु पर्नेछ :-

(क) प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन गर्ने भए त्यस्तो संशोधनको व्यहोरा, संशोधन गर्नु अघि,

(ख) नयाँ संचालक वा कार्यकारी प्रमुख नियुक्त भएमा त्यस्तो संचालक वा कार्यकारी प्रमुखको अनुसूची-११ बमोजिमको विवरण सहितको जानकारी, नियुक्त भएको सात दिन भित्र,

(ग) कार्यालयको ठेगाना, सम्पर्क टेलिफोन, फ्याक्स नम्बर, इमेल आदि परिवर्तन सम्बन्धमा तत्काल,

(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख विरुद्ध प्रचलित कानून बमोजिम कुनै कारवाही भएमा वा कारवाही अगाडि बढाइएमा तत्काल,

(ङ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा तत्काल,

(च) बोर्डले समय समयमा तोकिदिएको अन्य सूचना, जानकारी तथा विवरण बोर्डले तोकिदिएको अवधिभित्र ।

(४) कोषसंग सम्बन्धित कुनै सूचना जानकारी वा विवरण माग गरेमा कोष व्यवस्थापकले त्यस्तो सूचना जानकारी वा विवरण तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

२५. **अभिलेख सुरक्षित राख्नु पर्ने :** (१) कोष व्यवस्थापकले देहायका अभिलेख कोषको अवधी रहेसम्म सुरक्षित राख्नु पर्नेछ :-

(क) कोष अर्न्तगतका सम्पत्ती तथा दायित्वको विवरण,

(ख) मुल्यांकन नीति तथा अभ्यास,

(ग) लगानी रणनीति,

(घ) इकाई निष्काशनबाट प्राप्त रकम तथा इकाइधनीको जानकारी,

(ङ) कोषको लगानी र यसको औचित्य,

(च) कोषसँग सम्बन्धी कारोबारको राफसाफ तथा भुक्तानी विवरण,

(छ) कोष स्थापना तथा संचालन सम्बन्धी कागजात,

(ज) कोषको लेखा, बार्षिक प्रतिवेदन र वित्तीय विवरण,

(झ) लगानी गरिएको कम्पनीको विश्लेषण,

(ञ) कोषबाट गरिएको लगानी ।

## परिच्छेद-७

## विविध

२६. **लकइन अवधी सम्बन्धी व्यवस्था:** (१) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा अन्य समूहको धितोपत्रको लकइन सम्बन्धमा जुन सुकै कुरा लेखिएको भएता पनि कोषको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि सावर्जनिक निष्काशन गरी बाँडफाँट भएको मितिले एक बर्षको हुनेछ ।

२७. **निर्देशिका जारी गर्न सक्ने :** (१) बोर्डले यस नियमावलीको कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी भएको निर्देशिका पालना गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

२८. **अनुसूचीमा हेरफेर वा थपघटः** बोर्डले आवश्यकता अनुसार अनूसुचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

**अनुसूची–१**

(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

**कोष व्यवस्थापक दर्ताको लागि दिने निवेदनको ढाँचा**

मितिः

श्री नेपाल धितोपत्र बोर्ड

.......................... ।

बिषयः दर्ता गरी पाउँ ।

महोदय,

धितोपत्र सम्बन्धी ऐन, २०६३ र बैकल्पिक लगानी कोष नियमावली, २०७५ बमोजिम **कोष व्यवस्थापक**को कार्य गर्न अनुमतिपत्र प्राप्त गर्नका लागि देहायका कागजात तथा विवरणका साथै शुल्क वापत रु......................... संलग्न गरी यो निवेदन पेश गरेका छौं । ।

संलग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन । विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक संगठित संस्थाकोः

नाम : .........................

ठेगानाः .........................अंचल...........................जिल्ला ............................ गा.पा. / न.पा.
टोल.....................वडा नं...... . ब्लक नं....... फोन नंः............... फ्याक्सः...............इमेल ................

निवेदकको आधिकारिक दस्तखतः

कम्पनी वा संगठित संस्थाको छापः

नाम :

पद :

संलग्न कागजात तथा विवरणः

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावली

२) कम्पनी दर्ता प्रमाणपत्र

३) कोषको विधान

## अनुसूची–२

(नियम ३ को उपनियम (२) र नियम ५ को उपनियम (२) संग सम्बन्धित)

**कोष व्यवस्थापक सम्बन्धी दस्तुर**

| | | |
|---|---|---|
| १. | कोष व्यवस्थापक दर्ता | ३ लाख रुपैयाँ |
| २. | कोष व्यवस्थापक दर्ता नविकरण | १ लाख ५० हजार रुपैयाँ |

## अनुसूची–३

( नियम ५ को उपनियम (१) संग सम्बन्धित)

**कोष व्यवस्थापक दर्ता नविकरणको लागि दिने निवेदनको ढाँचा**

मितिः

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

बिषयः दर्ता गरी पाउँ ।

बैकल्पिक लगानी कोष नियमावली, २०७५ बमोजिम **कोष व्यवस्थापक**को कार्य गर्न प्राप्त स्वीकृतिपत्रको अवधि मिति . . . . . . . . सम्म कायम रहेकोले नविकरण गरि पाउँन अनुरोध गर्दछु/छौं ।

निवेदकको आधिकारिक दस्तखतः

कम्पनी वा संगठित संस्थाको छापः

नाम :

पद :

# अनुसूची–४

(नियम ३ को उपनियम (४) संग सम्बन्धित)

## <u>कोष व्यवस्थापकको दर्ता प्रमाणपत्र</u>

श्री . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . .

..............................मा मुख्य कार्यालय रहेको त्यस संगठित संस्थाको निवदेनमा कारवाही हुँदा यस बोर्डको मिति ......................... को निर्णयानुसार त्यस संस्थालाई बैकल्पिक लगानी कोष नियमावली, २०७५ बमोजिम कोष व्यवस्थापकको काम गर्न दिने निर्णय भएकोले सो का लागि यो अनुमतिपत्र प्रदान गरीएको छ ।

नवीकरण भएमा बाहेक यो अनुमतिपत्रको वहाली...................सम्म हुनेछ ।

**<u>शर्तहरुः</u>**

बोर्डको छापः

प्रमाणपत्र दिने अधिकारीको दस्तखतः

नामः

पदः

मितिः

## अनुसूची–५

(नियम ७ को उपनियम (२) र नियम ९ को उपनियम (२) संग सम्बन्धित)

**बैकल्पिक कोष संचालनको अनुमतिपत्र/स्वीकृतिको लागि दिने निवेदनको ढाँचा**

मितिः

श्री नेपाल धितोपत्र बोर्ड
............................ ।

बिषयःकोष संचालन गर्न अनुमति/स्वीकृती पाउँ ।

महोदय,

बैकल्पिक लगानी कोष नियमावली, २०७५ रही ................................... नामको कोष अर्न्तगत ................................... नामको लगानीको जम्मा रकम रुपैया.......................सम्मको कोष संचालन गर्ने अनुमति/स्वीकृतिका लागि आवश्यक विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौ ।

संलग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन । विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

कोष व्यवस्थापकको

नाम : ...........................

ठेगानाः ..........................अंचल................................जिल्ला ....................................गा.पा/न.पा.

टोल.....................वडा नं.........ब्लक नं......... फोन नंः................. फ्याक्सः..................................

इमेल............................

कोष व्यवस्थापकको कार्यालयको छापः

कार्यकारी प्रमुखको :

नाम :

दस्तखतः

**अनुसूची–६**

**कोष संचालन गर्ने स्वीकृति**

श्री . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . .

..............................मा मुख्य कार्यालय रहेको त्यस संस्थाले ...................................नामक कोष अन्तर्गत संचालन गर्ने जम्मा रकम रुपैया.................... सम्मको ...................... नामको कोष तथा उक्त कोष अन्तर्गत जारी गरिने इकाइहरु यस बोर्डमा दर्ता गरी बैकल्पिक लगानी कोष नियमावली, २०७५ तथा देहायका शर्तको अधीनमा रही कोषसंचालन गर्न यो अनुमति प्रदान गरीएको छ ।

**शर्तहरु**

आधिकारिक दस्तखतः

नामः

पदः

मितिः

बोर्डको छापः

## अनुसूची–७

(नियम ७ को उपनियम (२) संग सम्बन्धित)

**<u>वैकल्पिक लगानी कोष दर्ता दस्तुर</u>**

| | |
|---|---|
| १. **निवेदन दस्तुर** | ५० हजार रुपैयाँ |

२. **<u>कोष दर्ता दस्तुरः</u>**

| | |
|---|---|
| रु. १ करोड देखि ५० करोडसम्म | ५ लाख |
| रु. ५० करोड देखि १ अर्वसम्म | ७ लाख रुपैयाँ |
| रु. १ अर्वदेखि माथि जतिसुकै भएपनि | १० लाख रुपैयाँ |

## अनुसूची–८

(नियम ७ को उपनियम (४) संग सम्बन्धित)

## <u>कोष दर्ता प्रमाणपत्र</u>

......................................मा मुख्य कार्यालय रहेको संगठित संस्था श्री .................................... ले स्थापना गरेको ..................................... नामको बैकल्पिक लगानी कोष बैकल्पिक लगानी कोष नियमावली, २०७५ बमोजिम यस बोर्डमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

बोर्डको छापः

प्रमाणपत्र दिने आधिकारीको दस्तखतः

नामः

पदः

मिति

## अनुसूची–९

(नियम ३ को उपनियम (३) र नियम ७ को उपनियम (३) संग सम्बन्धित)

**संस्था सम्बन्धी विवरण तथा कागजात**

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) कुनै ऐनद्वारा स्थापना भएको संगठित संस्थाको हकमा सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,

(घ) आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण समेत समावेश भएको तीन वर्षीय व्यावसायिक लगानी,

(ङ) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(च) कम्पनी वा संगठित संस्था वा संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,

(छ) चुक्ता पूँजी प्रमाणित गर्ने निस्सा,

(ज) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरधनीको नाम, पुरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(झ) प्रचलित कानून बमोजिम निर्धारित ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा काम कारवाही सम्बन्धी बार्षिक प्रतिवेदन,
(संस्थापना भई आर्थिक वर्ष पुरा नभएको संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण पेश गर्न सकिनेछ। )

(ञ) संस्थापकले लिएको शेयर स्वामित्व तथा शेयरको चुक्ता रकम सम्बन्धी विवरण,

(ट) संस्थाको संगठन तथा कार्य प्रणाली सम्बन्धी विवरण,

(ठ) कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन र जनशक्ति सम्बन्धी विवरण,

(ड) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण।

(ण) लगानी सम्झौता गरेको सो सम्बन्धी विवरण

## अनुसूची–१०

(नियम ९ को उपनियम (२) संग सम्बन्धित)

**निवेदक संस्थाको संस्थापक कम्पनी वा संस्था सम्बन्धी विवरण तथा कागजात**

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) कुनै ऐनद्वारा संस्था स्थापना भएको भए सो ऐन र तत्सम्बन्धी नियम तथा विनियम को प्रतिलिपी,

(घ) प्रचलित कानून बमोजिम निर्धारित ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण गरी एको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा उक्त आर्थिक बर्षमा गरेको काम कारवाही समावेश गरीएको बार्षिक प्रतिवेदन,

(संस्थापना भई आर्थिक वर्ष पुरा नभएको कम्पनी वा संगठित संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण तथा काम कारवाही सम्बन्धी विवरण पेश गर्न सकिनेछ । )

(ङ) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरधनीको नाम, पूरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(च) कम्पनी वा संगठित संस्था वा संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,

(छ) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

(ज) संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा देहायको विवरण तथा कागजातः

१. नाम तथा पूरा ठेगाना,

२. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै संलग्नता रहेको भए तत्सम्बन्धी विवरण ।

(झ) गैर आवासीय नेपालीको लगानी रहेको कम्पनी संस्थापक भएमा बोर्डले तोके बमोजिमका अन्य विवरणहरु ।

## अनुसूची–११

(नियम २४ को उपनियम (१) को खण्ड (ख) संग सम्बन्धित)

**कोष व्यवस्थापकको संचालक/कार्यकारी प्रमुखको विवरण**

फोटो

१. नामः

२. स्थायी ठेगानाः ....................अंचल....................जिल्ला ....................... गा. वि.स./न.पा./म.न.पा. टोल....................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल ...........

३. हालको ठेगानाः ...........................अंचल.......................जिल्ला ............................. गा.पा/न.पा. टोल....................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल ..........

४. बाबु/आमाको नामः

५. बाजे/बजैको नामः

६. पति / पत्निको नाम :

७. शैक्षिक योग्यताः

८. व्यवसायिक अनुभवः

९. तालिमः

१०. कुनै पेशा वा संस्थामा कार्यरत भएमा, सो सम्बन्धी विवरणः

११. अन्य कम्पनी वा संगठित संस्थामा एक प्रतिशत वा सो भन्दा बढी स्वामित्व वा कुनै संलग्नता भए तत्सम्बन्धी विवरणः

११. आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा संगठित संस्था उपर धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरणः

१२. संचालक/कार्यकारी प्रमुख हुन निर्धारित योग्यता पूरा भएको र अयोग्यता नरहेको उद्घोषणः

दस्तखतः ...........................

संलग्न गर्नु पर्ने कागजातः

१.योग्यता, अनुभव र अन्य संस्थामा सम्लग्नता भए सो प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. गैरआवासीय नेपाली संचालक भएमा संचालकको गैरआवासीय नेपालीको परिचयपत्र ।